# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा–विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः– आ.व.२०८०/०८१

चलानी नं.ः–

## तरकारी प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।

दोस्रो पटक प्रकाशित मिति २०८०/११/०३

गैडहवा गाउँपालिका कृषि विकास शाखा रुपन्देही बाट आ व २०८०/८१ मा प्रदेश सरकारबाट प्राप्त **तरकारी प्रवर्द्धन कार्यक्रम** सचांलनका लागि प्रथम पटक प्रकाशित १५ दिने सूचनामा प्रयाप्त प्रस्तावहरु / निवेदनहरु पर्न नआएकोले उक्त कार्यक्रम संचालन गर्न इच्छुक यस गाउँपालिका अन्तर्गतका कृषक/कृषक समुह/कृषि सहकारी/कृषि कम्पनी तथा कृषि फर्महरुले मिति २०८०/११/०३ गते दोस्रो पटक प्रकाशित सुचना अनुसार ७ दिन भित्र (मिति २०८०/११/०९ गते भित्र) कार्यालयले उपलब्ध गराएको ढाँचामा आवेदन तथा प्रस्तावित क्रियाकलापहरुको आधारभुत तथ्यांक फारम भरी तपशिल अनुसारका कागजात सहित गाउँपालिकामा पेश गर्नुहुन यसै सुचना द्वारा जानकारी गराईन्छ।

तपसिल

| क.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदानको सीमा |
|---|---|---|---|---|
| १ | तरकारी प्रवर्द्धन कार्यक्रम | • बीउ र विरुवा खरिद।<br>• सिंचाई सगँ सम्बन्धित यन्त्र उपकरण वा सिंचाइ पूर्वाधार निर्माण, लगायतका कार्य।<br>• औजार/उपकरण खरिद।<br>• उत्पादन सामाग्री र बजारीकरण। | ३ हेक्टर | • निजी पुर्वाधार निर्माणमा अधिकतम ५० प्रतिशत<br>• यन्त्र, उपकरण तथा उत्पादन सामाग्रीमा अधिकतम ५० प्रतिशत |

संलग्न गर्नु पर्ने कागजातहरू:

१०. निवेदन (कार्यालयले उपलब्ध गराएको ढाँचामा)।
११. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
१२. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
१३. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
१४. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यालयले उपलब्ध गराएको ढाँचामा)।
१५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
१६. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
१७. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
१८. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१० वर्ष वा तोकिएको अवधिको) करार पत्र।

नोटः थप जानकारीका लागि गैडहवा गाउँपालिका कृषि विकास शाखामा सम्पर्क राखुहोला।

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत